# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रिय कार्यालय Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## अनौपचारिक प्रेस नोट

<u>आप्रवासी कामदार हरूको हक-अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न</u>

# **काठमाडौं प्रतिबद्धतापत्र** जारी, आप्रवासी कामदारहरूको नैसर्गिक अधिकार संरक्षण र सम्वर्द्धनमा जोड

काठमाडौं, मंसिर १२ गते

आप्रवासी कामदारहरूको हक-अधिकारसम्बन्धी दुई दिवसीय अन्तर्राष्ट्रिय सम्मेलन **काठमाडौं प्रतिबद्धतापत्र** जारी गर्दै सम्पन्न भएको छ ।

प्रतिबद्धतापत्रमा 'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्र, १९४८' 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' आदिलाई आधार मानेर आप्रवासी कामदारहरूको चौतर्फी हितका उल्लेख गरिएको छ ।

**एशिया प्रशान्त क्षेत्रका आप्रवासी कामदारको अधिकार संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरुबीच सहकार्य** विषयक सम्मलेनमा संयुक्त राष्ट्रसंघ, विभिन्न देशका सरकार एवम् मानव अधिकारसम्बन्धीराष्ट्रिय संगठनले अपनाएका नीति, कार्यक्रम एवम् योजनाबारे छलफल भएको थियो ।

यसैबीच, सम्मेलनले बंगलादेशको कपडा कारखानामा भएको हालै भएको आगलागीबाट मजदुरहरूको मृत्यु भएको घटनाबारे शोक प्रस्ताव पारित गरेको छ । शोक प्रस्तावमा घाइतेहरूको उचित औषधोपचार र मृत्युभएका व्यक्तिहरूको परिवारजनलाई राहत र क्षतिपूर्तिको व्यवस्था गर्न पनि बंगलादेश सरकारसँग आग्रह गरेको छ ।

सम्मेलनमा नेपाल, भारत, दक्षिण कोरिया, कतार, अफगानिस्तान, श्रीलङ्का र मालदिभ्सका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाका अध्यक्ष र सदस्यहरूको सहभागिता थियो । यसैगरी अन्तर्राष्ट्रिय आप्रवासी संगठनलगायतका संस्थाका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, कामदार पठाउने, प्राप्त गर्ने र ट्रान्जिट मुलुकका राजदूतावासका प्रतिनिधि, वैदेशिका रोजगारसम्बन्धी संस्थाका प्रतिनिधि, नगारिक समाजका प्रतिनिधि एवम् आप्रवासी कामदारसम्बन्धी विशेषज्ञहरुको पनि सम्मेलनमा सहभागिता थियो ।

®®®


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org